# प्रेस विज्ञप्ति

आर्थिक वर्ष २०६०/६१ को आय व्ययको सार्वजनिक जानकारी बक्तव्यमा उल्लेख भए वमोजिम नेपाल विकास मञ्च (Nepal Development Forum) को वैठक आयोजना गर्ने शन्दर्भमा नेपाल विकास मञ्च, २०६१, राष्ट्रिय समन्वय समितिका अध्यक्ष तथा माननीय अर्थ मन्त्री डा. प्रकाश चन्द्र लोहनीको अध्यक्षतामा समितिको वैठक सम्पन्न भयो ।

वैठकले नेपाल विकास मञ्चको तयारीसम्वन्धी विविध विषयहरुका अतिरिक्त आगामी वैशाख २३-२४ गते, २०६१ (तदनुसार मे ५-६ २००४) का दिनहरुमा नेपाल विकास मञ्चको वैठक काठमाण्डौमा आयोजना गर्ने निर्णय गऱ्यो । साथै समितिले नेपाल विकास मन्च आयोजना गर्ने क्रममा सामाजिक आर्थिक विकासप्रति चिन्तित सवै सरोकार समूहहरु (Stakeholders) समेत समावेश गरी पूर्व परामर्श बैठक तथा छलफल कार्यक्रमहरु २०६० चैत्र महिनाभित्रै आयोजना गर्ने पनि निर्णय गर्यो ।

नेपाल विकास मन्च, २०६१, राष्ट्रिय समन्वय समितिमा माननीय मन्त्री तथा राज्य मन्त्रीज्यूहरु, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष, श्री ५ को सरकारका मूख्य सचिव, अर्थ मन्त्रालय, गृह मन्त्रालय, परराष्ट्र मन्त्रालयका सचिवहरुका अतिरिक्त नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल च्याम्बर अफ कमर्श र नेपाल उद्योग परिसंघको समेत प्रतिनिधित्व हुने व्यवस्था रहेको छ ।

अर्थ मन्त्रालय
सिंह दरवार
२०६०।११।२५